पाठ ४६

१. येशू ख्रीष्ट कसको वंशजबाट हुनुहुन्थ्यो ।
- अब्राहाम, इसहाक र याकूबको वंशबाट ।

२. कुन यहूदी राजाको वंशबाट पनि येशू आउनुभएको हो ।
- राजा दाऊदको वंशजबाट ।

३. येशूको ख्रीष्ट नाउँको अर्थ के हो ?
- ख्रीष्टको नाउँको अर्थ अगमवक्ता, पूजारी र राजा हो ।

४. किनभने मरियम बच्चासँग थिइन् त्यसोभएको हुनाले योसेफले के गर्ने विचार गरे ?
- योसेफले मरियमले अरू मानिसँग यौन सम्पर्क गरेकी होलिन् भन्ने विचार गरे ।

५. के मरियमको कुनै लोग्नेमानिससँग यौन सम्पर्क भएको थियो ?
- थिएन ।

६. त्यसोभए मरियम कसरी गर्भवती भइन् त ?
- पवित्र आत्मा परमेश्वरले एक चमत्कार गर्नुभयो र मरियम गर्भवती भइन् ।

७. स्वर्गदूतले योसेफको सपनामा आएर तिनलाई के भने ?
- स्वर्गदूतले योसेफलाई सपनामा भने कि मरियमको गर्भमा एकजना बालक छ र त्यो पवित्र आत्मा परमेश्वरको चमत्कारको कारणले भएको हो ।

८. इमानुएल नाउँको अर्थ के हो ?
- इमानुएल नाउँको अर्थ परमेश्वर हामीसँग भन्ने हो ।

९. येशू किन इमानुएल कहलाइनु हुने थियो ?
- किनभने येशू उद्धारकर्ता परमेश्वर हुनुहुन्थ्यो जो हामीसँग बस्न आइरहनुभएको थियो ।

- जब मरियमको सुत्केरी हुने बेला आयो तिनले एउटा छोरा जन्माइन् ।

- मरियमले एउटा छोरा जन्माइन् र त्यसलाई कपडाले बेरिन् र घोडालाई चारो खुवाउने डुँडमा राखिन् किनभने त्यहाँ अरू कुनै कोठा थिएन ।

- मरियम र योसेफले बालकको नाउँ येशू राखे ।

- यद्यपि येशू उद्धारकर्ता परमेश्वर हुनुहुन्थ्यो तर पनि जब उहाँ जन्मिनुभयो उहाँलाई घोडाको चारो खुवाउने डुँडमा राखियो ।

- येशू कुन देशमा जन्मिनुभयो ?

- इज्रेलमा ।

- येशू कुन शहरमा जन्मिनुभयो ?

- बेथलेहममा ।

- येशू हामीलाई पापको शक्तिबाट बचाउन जन्मिनुभएको थियो ।

- येशू हामीलाई मृत्युको शक्तिबाट बचाउन जन्मिनुभएको थियो ।

- येशू हामीलाई शैतानको शक्तिबाट बचाउन जन्मिनुभएको थियो।

- परमेश्वरले धेरै समय पहिले अगमवक्ताहरूसँग प्रतिज्ञा गर्नुभएजस्तै उहाँले हामीलाई बचाउन उद्धारकर्ता पठाउनुभयो ।

- परमेश्वरले धेरै समय पहिले अगमवक्ताहरूसँग प्रतिज्ञा गर्नुभएजस्तै येशू जो उद्धारकर्ता हुनुहुन्थ्यो उहाँ धर्तिमा जन्मिनुभयो ।

- परमेश्वरले धेरै समय पहिले अगमवक्ताहरूसँग प्रतिज्ञा गर्नुभएजस्तै येशू बेथलेहम शहरमा जन्मिनुभयो ।

- येशू बेथलेहम शहरमा जन्मिनुभइसकेपछि ज्ञानी मानिसहरू येरूशलेम शहरमा आए ।

आउनुस् मत्ती २:१-२ पद पढौं ।

- ती ज्ञानी मानिसहरूले के खोजिरहेका थिए ?

- तिनीहरु येशू ख्रीष्टलाई खोजिरहेका थिए जसलाई तिनीहरूले येहूदीहरूका राजा भने ।

- जब राजा हेरोदले ज्ञानी मानिसहरूले यहूदीहरूका राजा खोजिरहेका चाल पाए तिनी धैरै वेचैन भए ।

आउनुस् मत्ती २:३ पद पढौं ।

- राजा हेरोद किन वेचैन भए ।

- किनभने राजा हेरोदलाई ज्ञानी मानिसहरूले खोजी गरिरहेक यहूदी राजाले तिनको सिंहासन छिन्लान् भनेर तिनी डराए ।

- किनभने राजा हेरोद वैचैन भए त्यसैले तिनले प्रधान पूजारी र व्यवस्थाका शिक्षकहरू दुवैलाई बोलाए ।

आउनुस् मत्ती २:४-६

- राजा हेरोदले प्रधान पूजारी र व्यवस्थाका शिक्षकहरूसँग के कुरा सोधे ?
- हेरोदले तिनीहरूसँग येहूदीहरूका राजा भएर जन्मिनुहुनेवाला कहाँ जन्मिनुहुने थियो भनेर सोधे ।
- प्रधान पूजारी र व्यवस्थाका शिक्षकहरूले तिनलाई के जवाफ दिए ।
- तिनीहरूले तिनलाई ख्रीष्ट वेथलेहम शहरमा जन्मिनुपर्छ भने ।
- प्रधान पूजारी र व्यवस्थाका शिक्षकहरूलाई यो कुरा कसरी थाहा भयो ?
- किनभने तिनीहरूले परमेश्वरको पुस्तक बाइबल पढ्थे ।
- परमेश्वरले धेरै वर्ष पहिले अगमवक्ताहरूसँग गर्नुभएको प्रतिज्ञा जस्तै येशू जो राजा हुनुहुन्थ्यो उहाँ बेथलेहममा जन्मिनुपर्थ्यो ।
- त्यसपछि राजा हेरोदले ती येहूदी राजा बालकलाई भेट गर भनेर ती ज्ञानी मानिसहरूलाई पठाए ।

  आउनुस् मत्ती २:७-११ पद पढौं ।

- जसलाई तिनीहरूले येहूदीहरूका राजा भन्थे ती ज्ञानी मानिसहरूले येशूलाई फेला पारेपछि के गरे ?
- तिनीहरूले उहाँको आराधाना गरे ।

- तिनीहरूले उहाँलाई उपहार पनि चढाए ।

- ज्ञानी मानिसहरूले येशूलाई आराधना गरेकोमा के परमेश्वर रिसाउनुभयो ?

- भएन ।

- ज्ञानी मानिसहरूले येशूलाई आराधना गरेकोमा परमेश्वर किन रिसाउनुभएन ?

- किनभने येशू परमेश्वर हुनुहुन्छ ।

- येशू पूर्ण रूपले परमेश्वर र पूर्ण रूपले मानिस हुनुहुन्छ ।

- के त्यसपछि ती ज्ञानी मानिसहरू हेरोदलाई भेट गर्न तिनको दरबारमा फर्किगए ?

आउनुस् मत्ती २:१२ पद पढौं ।

- परमेश्वरले ती ज्ञानी मानिसहरूलाई सपनमा येरूशलेम नफर्किन र हेरोदलाई नभेट्न भन्नुभयो ।

- त्यसकारण ती ज्ञानी मानिसहरू अर्कै बाटो भएर तिनीहरूको देश फर्किगए ।

- ज्ञानी मानिसहरू फर्किएपछि परमेश्वरले एक जना स्वर्गदूतलाई योसेफसँग कुरा गर्न पठाउनुभयो ।

मत्ती २:१३-१५ पद पढौं ।

- स्वर्गदूतले सपनमा योसेफलाई के भने ?

- मरियम र येशूलाई टाढा लैजान भने ।

- स्वर्गदूतले येशूलाई कुन देशमा लैजान भने ?

- मिश्रमा ।

- जब योसेफ ब्यूँझिए तब तिनले मरियम र येशूलाई मिश्रमा लिएर गए ।

- परमेश्वरले धेरै वर्ष पहिले अगमवक्ताहरूसँग प्रतिज्ञा गर्नुभएजस्तै येशू मिश्रमा लगिनुभयो ।

- योसेफले किन येशूलाई मिश्रमा लिएर गए ?

- किनभने राजा हेरोदले येशूलाई मार्न चाहन्थे ।

- राजा हेरोद येशूलाई किन मार्न चाहन्थे ?

- राजा हेरोदलाई येशूलाई मार्नुपर्छ भन्ने विचार कसले हालिदियो ?

- शैतानले ।

- शैतान किन येशूलाई मार्न चाहन्थ्यो ?

- किनभने शैतान येशूले मानिसहरूलाई पापको शक्तिबाट बचाएको चाहदैनथ्यो ।

- किनभने शैतान येशूले मानिसहरूलाई मृत्युको शक्तिबाट बचाएको चाहदैनथ्यो ।

- किनभने शैतान येशूले मानिसहरूलाई शैतानको शक्तिबाट बचाएको चाहदैनथ्यो ।

- यहाँ एउटा उदाहरण छ ।

- यदि एकजना दास मालिकसँग धैरै जना दासहरू छन् भने ऊ तिनीहरुमध्ये एकजनालाई कसैले लिएर गैजाओस् भन्ने चाहन्छ र ?

- चाहदैन ।

- यदि एकजना झाँक्रीसँग धैरैजना दासहरू छन् भने ऊ तिनीहरूमध्ये एकजनालाई कसैले लिएर गैजाओस् भन्ने चाहन्छ र ?

- जसरी दास मालिक र झाँक्रीले आफ्ना दासहरूलाई आफैसँग राख्न चाहेजस्तै शैतान पनि सबै मानिसहरूलाई आफ्ना दासहरूजस्तै गरेर आफैसँग राख्न चाहन्छ ।

- त्यसकारणले हो शैतानले येशूलाई मार्न चाहेको ।

- आफ्नो शक्तिको अधीनमा रहेका दासहरूलाई शैतान कसैगरि पनि गुमाउन चाहदैन ।

- जब ज्ञानी मानिसहरू राजा हेरोदलाई भेट्न जेरूशलेम फर्कि गएनन् तब हेरोदले के गरे ?

आउनुस् मत्ती २:१६-१८ पद पढौं ।

- राजा हेरोदले बेथलेहम शहर र आसपासको ठाउँमा बस्ने दुई वर्ष मुनिका सबै बालकहरूलाई मार्न लगाए ।

- शैतानलाई परमेश्वरले उद्धारकर्ता धर्तिमा पठाउनुहुन्छ भन्ने थाहा थियो ।

- शैतानलाई उद्धारकर्ता आउनुहुन्छ र उसलाई पराजित गर्नुहुन्छ भन्ने थाहा थियो ।

- त्यसैकारणले हो शैतानले येशूलाई मार्न खोजेको ।

- शैतानले राजा हेरोदलाई येशूलाई मार्न भन्यो ।

- के पिता परमेश्वरले येशूलाई रक्षा गर्नुभयो ?

- गर्नुभयो ।

- पिता परमेश्वरले किन येशूलाई रक्षा गर्नुभयो ?

- किनभने पिता परमेश्वरले येशूलाई हामीलाई पापको शक्तिबाट बचाउन पठाउनुभएको थियो ।

- किनभने पिता परमेश्वरले येशूलाई हामीलाई मृत्युको शक्तिबाट बचाउन पठाउनुभएको थियो ।

- किनभने पिता परमेश्वरले येशूलाई हामीलाई शैतानको शक्तिबाट बचाउन पठाउनुभएको थियो ।

- के परमेश्वर येशूलाई बचाउन सक्षम हुनुभयो ?

- भयो ।

- के राजा हेरोदले येशूको हत्या गरे ?

- गरेनन् ।

- राजा हेरोद मरिसकेपछि फेरि एकपटक परमेश्वरले योसेफसँग कुरा गर्नलाई एकजना स्वर्गदूत पठाउनुभयो ।

आउनुस् मत्ती २:१९-२० पद पढौं ।

- स्वर्गदूतले योसेफलाई के भने ?

- स्वर्गदूतले योसेफलाई राजा हेरोद मरिसके भने ।

- स्वर्गदूतले योसफलाई मरियम र येशूलाई लिएर मिश्रबाट इज्रेलको भूमिमा फर्किजान पनि भने ।

- योसेफले स्वर्गदूतले भनेको कुरा माने र मरियम र येशूलाई लिएर इज्रेलको भूमिमा फर्कि गए ।

आउनुस् मत्ती २:२१-२३ पद पढौं ।

- योसेफ, मरियम र येशू इज्रेल फर्किए ।

- इज्रेलको कुन शहरमा गएर योसेफले मरियम र येशूलाई बसाले ?

- नासरथ शहरमा ।

- परमेश्वरले अगमवक्ताहरूसँग धैरै वर्ष पहिले प्रतिज्ञा गर्नुभएजस्तै येशू नासरथ शहरमा बसोबास गर्नुभयो ।

- परमेश्वरले उहाँको प्रतिज्ञा कहिल्यै भङ्ग गर्नुहुन्न ।

- परमेश्वर जहिल्यै उहाँको प्रतिज्ञा कायम राख्नुहुन्छ ।